जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजबिराज दैनिक

वर्ष २९ अंक १६६ २०७६ साल माघ १६ गते बिहीबार (30 Jan. 2020 Thursday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु**


- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : डिम्पलको राजीनामासँगै प्रदेश ... ३ पृष्ठमा : अघि बढ्यो संघीय ... ३ पृष्ठमा : अमेरिकी राष्ट्रपिटट्रम्पद्वारा ...

## काँग्रेसका पुराना नेता बिराजीको उपचारका क्रममा निधन



**स्व. सरोज बिराजी**

**दैनिक समाचारदाता**
**राजविराज, १५ माघ ।**

नेपाली काँग्रेसका पुराना नेता सरोज बिराजीको ६५ वर्षको उमेरमा बुधबार बिहान निधन भएको छ ।

लामो समयदेखी उच्च रक्तचापले पीडित बिराजीको उपचारका क्रममा निधन भएको नेपाली काँग्रेस सप्तरीले जनाएको छ ।



चारतारे झण्डा ओढाएर स्व. बिराजीलाई अन्तिम श्रद्धाञ्जली दिँदै काँग्रेस सप्तरीका सभापति दिनेश यादवलगायत अन्य नेताहरु ।

काँग्रेसको चारतारे झण्डा ओढाएर उनलाई अन्तिम श्रद्धाञ्जली दिँदै बुधबारै अन्त्येष्टि गरिएको नेपाली काँग्रेस सप्तरीका जिल्ला सभापति दिनेश कुमार यादवले जानकारी दिएका छन् ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ४ मधवापुर निवासी उनी पटक पटक महाधिवेशन प्रतिनिधि हुँदै हाल जिल्ला कार्यसमितिको सदस्य

***बाँकी तीन पृष्ठमा***

## गरिव, विपन्न वर्गलाई निशुल्क कानुनी सेवा दिन कानुनी कक्षको स्थापना

**दैनिक समाचरादाता**
**राजविराज, १५ माघ ।**

प्रदेश २ का मुख्य न्यायाधिवक्ता दिपेन्द्र झाले असहाय, अशक्त, नबालक, महिला, दलित, मुस्लिम, विपन्न वर्गलगायतलाई सेवा पुऱ्याउने उद्देश्यले निशुल्क कानुनी सहायत कक्ष स्थापना गरिएको बताएका छन् ।

बुधबार राजविराजमा आयोजित एक कार्यक्रमबिच मुख्य न्यायाधिवक्ता झाले कानुन सहायता कक्ष अधिकृतको कार्यालयको उदघाटन गर्दै सो कुरा बताएका हुन् ।

उनले महिला हिंसामा परेको, मानवअधिकारको हनन् भएको, न्यायमा पहुँच नभएका गरिव निमुखा जनताले अब यस कार्यालयबाट सहयोग लिन सक्ने विश्वास व्यक्त गरे ।



प्रदेश सरकारले स्थापना गरेको कानुन सहायता अधिकृतको कार्यालयबाट सप्तरीका लक्षित वर्गले निशुल्क सेवा लिन सक्ने उनको भनाई छ ।

सोही उद्घाटन कार्यक्रममा जिल्ला अदालतका न्यायाधिश चन्द्रमणि ज्ञवाली आर्थिक रूपमा कमजोर न्याय प्राप्तिका लागि सहयोग पुग्ने उद्देश्यले तथा आर्थिक रुपमा विपन्न जनताले न्याय पाउन नसकेको अबस्था यस सहायता केन्द्रबाट न्याय प्राप्त गर्न सक्ने बिश्वास वयक्त गरे ।

प्रदेश कानुन सहायता अधिकृत किरण कुमारी साहको

***बाँकी अन्तिम पृष्ठमा***



## सम्पादकीय ....

# ट्राफिक चेकिङले निरन्तरता पाओस्

बढ्दै गएको सवारी दुर्घटनालाई न्यूनिकरण गर्नका लागि ट्राफिक प्रहरीले सवारीसाधनको चेकिङ गर्ने कार्यलाई निरन्तरता दिनु पर्ने देखिन्छ। कीन भने अत्याधिक गतिमा चलाइरहेको सवारीसाधन प्रहरीलाई देख्ने बित्तिकै गति कम गर्छन् र सवारी नियन्त्रणमा आउछ। यसले मनोबैज्ञानिक असर पर्दछ। सप्तरी सदरमुकाम राजविराजसहित जिल्लाको बिभिन्न ठाउँमा चेकिङ्ग गर्ने कामलाई अझ प्रभावशाली बनाउनुपर्छ। सवारीसाधन चेकिङ्ग नहुँदा जिल्लामा भारतीय सवारीसाधनको आवागमन बढेको मात्र होइन, कर छल्ने र अपराधिक कृयाकलापमा समेत बृद्धि हुँदै गएको छ।

हुन त ट्राफिक प्रहरीको काम नै सवारीसाधनलाई व्यवस्थित र चेकिङ्ग गर्नु हो। तरपनि कहिलेकाहीं मात्र चेकिङ्ग गर्ने गरिएका कारण प्रहरी प्रशासनलाई हेर्ने दुष्टिकोणमा जुन परिबर्तन आएको छ, यसलाई चिर्नु उनीहरुकै लागि जरुरी छ। यदी आ-आफ्नो कामप्रति इमान्दारिता देखाएनौं भने देश र समाजको भलाई हुनै सक्दैन्। यदी चाड्पर्वको समयमा मात्र चेकिङ्ग गर्ने हो र कामगजपत्र नदेखाइए रकम लिने जुन कुराहरु चर्चामा आएको छ, यसलाई कसरी सकारात्मक बनाउन सकिन्छ ? सर्वसाधारण जनताको मन कसरी जित्न सकिन्छ ? यो प्रश्नको उत्तर सकारात्मक काम गरेर मात्र आउनेभएका कारण बिशेष ध्यान पुऱ्याउनु आवश्यक छ।

तसर्थ केहि दिन मात्र चेकिङ्ग गरेर गरिँदै आएको त्यस्त कार्यलाई निरन्तरता दिनु आवश्यक छ। यदी चेकिङ्गमा मात्र सकृयता देखायौं भने दण्डहिनता र अपराध धेरै हदसम्म नियन्त्रण हुने विश्वास गर्न सकिन्छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# डिम्पलको राजीनामासँगै प्रदेश २ को सरकार संकटमा पर्छ की ?



**अमरनाथ मण्डल**

मधेश आन्दोलनका जनादेश अनुसार तत्कालिन फोरम हाल समाजवादी पार्टी र राजपाको तालमेल गरी प्रदेश नं. २ मा राजपा र समाजवादीको सरकार रहेको अवस्थामा मधेशका अधिकांश मधेशी समुदायहरुको जनादेश समाजवादी र राजपाको सरकार रहनु भएका मनोभावना रहेको अवस्थामा केही दिन पहिले सरकार विघट्नतिर जाने सर्वत्र हल्ला चलिरहेको अवस्थामा मुख्य मन्त्री लालबाबु राउतले एक विज्ञप्ती मार्फत प्रदेश २ का सरकार मधेश आन्दोलनको अनुसार रहेकोले यो सरकार तत्काल कुनै किसिमको विघटन नहुने वकव्यवाजी सार्वजनिक गरेका थिए। त्यस्तै राजपाका केही केन्द्रिय स्तरका नेताहरु २ नं. प्रदेशका सरकार परिवर्तन तत्कालै नहुने सार्वजनिक गरेपछि सेलाएका सरकार परिवर्तनका हल्लाहरु एक्कासी प्रदेशका राज्यमन्त्री डिम्पल झाको राजीनामा सँगै हावाको रुपमा समातेका छन्।

समाजवादीले नेकपाको सरकारमा सहभागिता भए सँगै राजपाले समाजवादीलाई सरकार छोड्नु पर्ने अनि मात्र राजपा र समाजवादीको एकताको कुरा अगाडी बढ्ने त्यस बेलाको चर्चाले व्यापकता भएको अवस्थामा समाजवादीले सरकारबाट बाहिरिएपछि राजपाले राष्ट्रिय सभामा निर्वाचनको लागि दुई बुँदे नेकपासँग गरेको तालमेल नेकपाले राजपालाई संघीय सरकारमा सामेल गराउने चर्चा व्यापक बजारमा देखिएको अवस्थामा अहिले फेरि सभामुख उपसभामुखको निर्वाचन क्रममा राजपाको बरिष्ठ नेता तथा संसद लक्ष्मण लाल कर्णले सभामुखको चयन पछि समामुखलाई बधाई दिएको तथा निर्वाचनमा सभामुखको तर्फबाट समर्थक बनेको अवस्थामा राजपाले उपसभामुख पाउने अड्कलवाजीहरु पनि व्यापक रुपमा चलिरहेको छ। यता नेकपाले केही दिन पहिले सार्वजनिक रुपमा राजपालाई सरकारमा सहभागिता हुन आह्वान गरिएको अवस्थामा राजपाले केही शर्तहरु नेकपासँग सारिएको विशेष सुत्रानुसार थाहा भएको छ। यसैक्रममा दुई दिन पहिले नेकपाका अध्यक्ष प्रचण्डको सार्वजनिक वक्तव्यवाजी अनुसार विभेदमा परेका जातजातिहरुलाई उन्मुक्तिको लागि संविधान संशोधन तिर पनि सरकार जाने पार्टी जाने संकेतहरु दिई सकेका थिए। यसबाट स्पष्ट हुन्छ कि नेकपाले राजपालाई सरकारमा भित्र्याउने वार्ता तथा प्रक्रियाहरु अघि बढाई रहेका छन्।

यता राजपाका अध्यक्ष मण्डलका सदस्य अनिल झाको श्रीमती डिम्पल झा प्रदेश सरकारमा राज्य मन्त्रीको पदबाट राजीनामा दिएपछि राजनैतिक तर्कहरु जोरतोरले सामाति रहेका छन्। केही राजनीतिक विश्लेशकहरुको अनुसार डिम्पल झाको राजनामाले समाजवादी र राजपाका प्रदेश २ का सरकार अब चाँडै विघट्न हुने तर्खरमा रहेको कारणले डिम्पल झा राजीनामा दिएको अनुमान गरिरहेका छन् भने राजपाका पार्टी श्रोत अनुसार निर्माण तथा भौतिक योजना मन्त्री जितेन्द्र सोनलसँग व्यवहार नमिलेपछि डिम्पल झाले निर्माण तथा भौतिक योजना राज्यमन्त्रीबाट राजीनामा दिएको अनुमान गरिरहेका छन्। तर अध्यक्ष मण्डलका सदस्य अनिल झाले नेकपा र राजपाको दुई बुँदे सहमतिको सम्झौता विरोधमा रहेको कारण पनि राजपाको शिर्ष नेताहरुको सम्बन्ध नेकपासँग बढ्दै गईरहेको अवस्थामा अनिल झाले आफ्नो रिस, आफ्नो श्रीमती डिम्पल झालाई राज्य मन्त्री पदबाट राजीनामा गराई पोखेको अनुमान गरिरहेका छन्। जेहोस् राजपा र समाजवादीको सम्बन्ध दिन प्रतिदिन चिसिदै गएको अवस्थामा दुई प्रदेशको सरकार कुन बेला कति समयमा ढल्ने विघटन हुने खतराहरु मडराई रहेको अवस्थामा मधेशी बुद्धिजिवीहरु मधेशी नागरिक असंतोषको मनोस्थितिमा रहेको छ।

मधेश आन्दोलनबाट जनादेश प्राप्त २ नं. प्रदेशका सरकार आफूमा नै विवादस्पद रहेको अवस्थामा प्रदेश सरकारको करौडो बजेट थन्किएको अवस्थामा छ भने मन्त्रीहरुको निजी स्वार्थ र व्यक्तिगत स्वार्थको कारण दिन प्रतिदिन राजपाका तथा समाजवादीका मधेशीवादी कार्यकर्ताहरु असन्तुष्टिको अवस्थामा आफ्नो गुनासोहरु सर्वसाधारण मधेशी जनता समक्ष राखिरहेको अवस्था छ। यता राजपाका छ अध्यक्ष मण्डलका सदस्यहरुबीच आपसी तालमेल समझदारीमा स्वहार्दपूर्ण नदेखिएको अवस्थामा नेकपासँग नजिकिदै गईरहेको सम्बन्धहरुको कारक नेकपा र राजपाको सम्बन्ध लिएर नेताहरु बीच आपसी सम्बन्धहरु समेत बिग्रिरहेको अवस्था छ। तसर्थ राजका नेताहरुले राजनैतिकमा कोही कसैको शत्रु र दोस्त हुँदैन। जुनसुकै बेला पनि जुन अवस्थामा पनि पार्टी र राष्ट्रियको हितको लागि जुनसुकै पनि सम्झौता गर्न सकिन्छ। पार्टीका नेताहरुको वकत्वयवादी आफ्नै ठाउँमा रहेको अवस्थामा राजपाका आन्दोलनकारी नेता तथा कार्यकर्ताहरुको मनोभावना नेकपासँग तालमेल तिर नदेखिएको अवस्था छ।

केही दिन पहिले प्रदेश २ का तीन मन्त्रीलाई हटाउने कुरा शोसल मेडियाहरुबाट सार्वजनिक भएपछि राजपा र नेकपाको प्रदेश सरकार चाँडै बन्ने तथा राजपाको नेतृत्वमा प्रदेश सरकारको गठन हुने अड्कलवाजीहरुले विशेषता पाईरहेको सन्दर्भमा राजमन्त्री डिम्पल झाको राजीनामा सँगै प्रदेश २ का महत्वपूर्ण भुमिका समेत रहेका डिम्पल झा राजीनामा दिनु पछाडी के रहस्य रहेको अन्यौल रहेको छ। तसर्थ राजपा र समाजवादीको एकताको सरकार मधेश आन्दोलनको मर्म भावना र सम्मानको अनुकुल रहेको अवस्थामा जुनसुकै पनि अवस्थामा प्रदेश २ को सरकार विघटन नहुनुपर्ने तर्कहरु बुद्धिजिवीहरुले सारिरहेको अवस्थामा २ नं. प्रदेशका मन्त्रीहरुले पनि आफ्नो आर्चन तथा व्यवहारहरुलाई परिवर्तन गरी मधेश आन्दोलनको जनादेशलाई सम्मान गर्नुपर्ने अवस्था देखिन्छ। प्रदेश २ मा रहेका मन्त्रीहरुको आहार व्यवहार र संस्कारको सन्दर्भमा भ्रष्टाचार बढि नै देखिएको अवस्थामा मधेश आन्दोलनमा आफ्नो ज्यानको आहुति दिएका वीर सहिदहरुको सपना एक मात्र मधेशको हित, मधेशको अधिकार तथा शासक वर्गहरुद्वारा आफू खुशी निर्माण गरेका संविधानमा संशोधन गरी मधेशीहरुको पूर्ण अधिकारको ग्यारेन्टीसाथ संविधान संशोधन हुनुपर्ने आमधारणा रहेको छ। अहिले सैयौं मधेशी विर सहिदहरुको बलिदानीको कारण बनेका प्रदेश २ का सरकार यी सहिदहरुको सम्मानको लागि प्रदेश २ मा राजपा र समाजवादीको गठबन्धनसँगै बमबुतीसँगै प्रदेश २ का सरकार, प्रदेश २ मा रहेका आठ जिल्लाका विकासीय गतिविधिहरु भौतिक पूर्वाधारहरु तथा सिचाईका मुहानहरु, शिक्षाका ज्योतिहरु, स्वास्थ्य क्षेत्रहरुको पर्याप्त व्यवस्थाहरुको लागि अगाडी बढ्नुपर्ने अवस्था रहेको छ। नत्र भोलीका दिनमा मधेशी जनता र मधेशले दिएका जनादेश फिर्ताको तिर पनि उन्मुख हुने बेर लाग्ने छैन। त्यसै कारणले जुनसुकै अवस्थामा पनि जो सँग पनि जुनसुकै सम्झौता गरे तापनि एउटा कुरालाई मधेशका नेताहरुले सधैं स्मरण गर्नुपर्ने देखिन्छ। त्यो हो, मधेशी वीर सहिदहरुले जुन उद्देश्यले दिएका बलिदानी र मर्मलाई सम्मान गर्नु उनीहरुको दायित्व र कर्तव्य बनेका छन्। नत्र भोलीका दिनमा यी मधेशी नेताहरु विरुद्ध नै मधेशी जनताले आन्दोलन थाल्नी सुरुवात नगर्ने भन्न सकिदैन ?

# प्रदेश नं २ मा प्रविधिमा किशोरी (गर्ल्स इन टेक) परियोजना शुरू

जनकपुरधाम, १५ माघ (रासस)।

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउत तथा श्रम रोजगार र सामाजिकमन्त्री रामेश्वरराय यादवले संयुक्तरूपमा प्रदेश नं २ मा प्रविधिमा किशोरी (गर्ल्स इन टेक) परियोजनाको आज शुभारम्भ गर्नुभयो।

युकेएडको रोजगारीका लागि सीप कार्यक्रमअन्तर्गत जिनसी सोलुसन्स नामक गैरसरकारी संस्थाको सहकार्यमा सो परियोजनाको थालनी गरिएको हो। लैङ्गिक असमानतालाई हटाउने सन्दर्भमा प्रविधिमा लगाव राख्ने किशोरीलाई शिक्षित एवं सशक्तीकरण गर्नु यस परियोजनाको उद्देश्य छ।

यस परियोजनाअन्तर्गत प्राविधिक पाठ्यक्रम तथा नेतृत्वसम्बन्धी तालीमदेखि ह्याकाथन तथा प्रतिस्पर्धामा आत्मविश्वाससँगै सहभागी हुने तरिका र सहयोग गरी प्रविधिको क्षेत्रमा सफल हुनका लागि आवश्यक पर्ने पहुँचको समुदाय बनाउने लक्ष्य राखिएको छ।

परियोजनाले स्नातक हुन लागेका विद्यार्थीलाई विश्वभर दिइने अनलाइन तालीम साधन तथा प्रमाणीकरण उपलब्ध गराउनुका साथै व्यक्तिगत रूपमा परामर्श र कम्पनीलाई चाहिएको सीपयुक्त श्रमशक्तिमा पहुँच हुने सुनिश्चित वातावरण निर्माणमा सघाउ पुऱ्याउने गर्दछ।

परियोजनाले आर्थिक तथा सामाजिकरूपमा कमजोर पृष्ठभूमिका १०० विद्यार्थीलाई छात्रवृत्तिसमेत प्रदान गर्दछ। प्रविधिमा किशोरी संसारभर फैलिएको एक गैर नाफामूलक संस्था हो। संस्थामा ३६ देशमा एक लाखभन्दा बढी सदस्य रहेका छन्। यसको नेपाल शाखा सन् २०२० जनवरीदेखि शुरू भएको हो।

सो अवसरमा मुख्यमन्त्री राउतले प्रविधिक युगअनुरुप प्रदेशमा जनशक्ति उत्पादन गरी प्रदेशलाई प्राविधिक शिक्षाको हब बनाउने सरकारको नीति भएको र यो परियोजनाले सो अभियानलाई सार्थक तुल्याउन सहयोगीसिद्ध हुने धारणा राख्नुभयो।

उहाँले छोरीप्रतिको विभेद हटाउन सरकारले बेटी पढाऊ, बेटी बचाऊ, साइकल वितरण र सरकारी जागिरमा महिलालाई ५० प्रतिशत आरक्षणको व्यवस्था गरेको बताउनुभयो। मुख्यमन्त्री राउतले समाजमा छोरीलाई मानसिक रूपले कमजोर बनाउने, अवसरबाट वञ्चित गराउनेलगायतका मानसिकता र गतिविधि विद्यमान रहेकाले यसको अन्त्य गर्न र परिवर्तनका लागि किशोरीलाई प्रविधिमूलक शिक्षा दिनु आवश्यक छ भन्नुभयो।

मन्त्री यादवले वर्तमान प्रविधिको युग भएकाले किशोरीलाई प्रविधितर्फ ध्यानाकर्षण गराई दीक्षित गर्नु आवश्यक छ भन्नुभयो।

*बाँकी तीन पृष्ठमा*

# अघि बढ्यो संघीय संसद् भवन निर्माण

काठमाडौं, १५ माघ (रासस)। सिंहदरबारस्थित पुतली बगैँचामा निर्माण शुरु भएको सङ्घीय संसद्को भवन समयमै सम्पन्न गर्ने गरी काम अघि बढेको छ।

शुरु भएको चार महिनाको भौतिक प्रगति सन्तोषजनक रहँदा र आवश्यक निर्माण सामग्रीको व्यवस्थापन हुँदा समयमै सकिने देखिन थालेको हो। तीन वर्षमा सम्पन्न गर्ने गरी निर्माण शुरु भएकामा अहिलेसम्म भौतिक प्रगति झण्डै पाँच प्रतिशत र वित्तीय प्रगति २२ दशमलव ३५ प्रतिशत रहेको छ। छ महिनामा पाँच प्रतिशतको लक्ष्य लिइएकामा दुई महिना बाँकी रहँदा नै लक्ष्यमा पुगिएको शहरी विकास तथा भवन निर्माण विभागले जनाएको छ।

चालु आवमा २० प्रतिशत काम सम्पन्न गर्ने लक्ष्य लिइएको छ। एक सय ७३ रोपनी आठ आनामा फैलिने सो भवन निर्माणका लागि भ्याटबाहेक रु पाँच अर्ब तीन करोडमा कबोल भएको थियो। प्रधानमन्त्री केपी शर्मा ओलीले गत असोजमा सो भवनको शिलान्यास गर्नुभएको थियो। संसद् भवन निर्माण प्रधानमन्त्री ओलीको पहिलो निर्णय भएकाले आफूले विशेष महत्वका साथ निर्माणलाई हेरिरहेको र आवश्यक स्थानमा सहजीकरण गर्दै आएको प्रधानमन्त्रीका विकास समन्वय विज्ञ गजेन्द्र थपलियाले बताउनुभयो।

सो स्थानमा नेपाली सेनाको चण्डीदल गण रहेको थियो। त्यससँगै परिसरमा रहेका अन्य कार्यालय त्यहाँबाट स्थानान्तरणलगायतका काममा आवश्यक सहजीकरण गरिरहेको उहाँको भनाइ छ।

उहाँले भन्नुभयो, “ठूलो योजना र समय कम भएकाले एक दिन पनि काम नअड्किओस् भन्नेमा सजग छौं।” निर्माण कार्य समयमै वा समयभन्दा अघि नै सम्पन्न होस् भनेर सरकारले निर्माण व्यवसायीलाई लाभांश वा जरिवाना दुवै व्यवस्था गरेको छ। एक दिनमात्रै चाँडो हुँदा रु २५ लाखसम्म लाभांश र एक दिन ढिला हुँदा त्यति नै रकम जरिवाना हुने विज्ञ थपलियाले जानकारी दिनुभयो।

अहिले निर्माण व्यवसायीले साइटमा गरिरहेको काम हेर्दा ढिलाइ हुने देखिएको छैन। उहाँले भन्नुभयो, “केही महिना पहिले नै सम्पन्न गरेर बोनस लिनहोस् भन्ने हाम्रो इच्छा हो।” भवन निर्माणस्थलमा आठ मुख्य र चार सहायक गरी १२ भवन बन्दैछ। यहाँ निर्माण हुने भवन परम्परागत शैलीमा हुने शहरी विकास तथा भवन निर्माण विभागले जनाएको छ। सबै भवनको डिजाइन काठमाडौंको स्थानीय वस्तुकला झल्कने खालको हुने विभागका वरिष्ठ डिभिजनल इन्जिनीयर प्रकीर्ण तुलाधरले बताउनुभयो। भवन अत्याधुनिक हुने भए पनि भवनको बाहिरी देखिनेस्वरुप नेपालको आफ्नो मौलिकता झल्कने खालको हुने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, “हाम्रो आफ्नै कलाको प्रयोग गर्दै आधुनिक भवन निर्माण गर्न लागिएको हो।”

यसको डिजाइनमा खुला स्थानलाई समेत जोड दिइएको छ। भवन क्षेत्र, खुला हरियाली क्षेत्र, पार्किङ क्षेत्र र सडक पूर्वाधार क्षेत्र गरेर चार क्षेत्रमा विभाजन गरिएको वरिष्ठ डिभिजनल इन्जिनीयर तुलाधरले बताउनुभयो। परिसरको ६० प्रतिशत क्षेत्रमा खुला हरियाली चौर, बगैँचा, पानीको फोहरालगायत रहनेछ भने बाँकी स्थानमा विभिन्न पूर्वाधारको निर्माण हुनेछ। खुला स्थानमा हरियाली चौर, पानीको फोहरा, सार्वजनिक खुला चौरलगायतलाई प्रत्येक भवनको वरिपरि निर्माण गरिने उहाँले बताउनुभयो। त्यस्तै, डिजाइनमा आपत्कालीन अवस्थाको समेत ध्यान दिइएको छ। उहाँले भन्नुभयो, “भूकम्प, आगलागीजस्ता विपद्का समयलाई समेत यसमा ध्यान दिएर निर्माण भइरहेको छ।”

नयाँ बन्ने संसद् भवनमा अतिआधुनिक सुरक्षाको प्रविधिबाट जाँच गरेर मात्रै प्रवेश गर्न सकिने बताइएको छ। यस परिसरको गुरुयोजनामा सुरक्षा निकायलाई विशेष ध्यान दिइएको छ। परिसरको मूल ढोका दक्षिणतर्फ रहनेछ भने संसद्को प्रवेशका लागि उत्तरतर्फ नयाँ गेट रहने तुलाधरले बताउनुभयो। दक्षिण पूर्वमा कर्मचारी तथा सर्वसाधारण प्रवेशका लागि गेट रहने गरी डिजाइन भएको उहाँले बताउनुभयो।

संसदीय दलको भवन र कार्यालय भवन पाँचपाँच तलाको हुने विभागले जनाएको छ। तीबाहेक परिसरमा हुने सबै भवन बढीमा तीन तलासम्मको हुने तुलाधरले बताउनुभयो। भवनमा आवश्यकतानुसार भूमिगत वा अर्धभूमिगत कक्ष पनि निर्माण हुनेसक्ने उहाँले बताउनुभयो। भवन भूकम्प, आगलागीलगायतका विशेष अवस्थालाई ध्यानमा राखी निर्माण गरिने उहाँले बताउनुभयो।

**परिसरमा कुन भवन कहाँ ?**

मुख्य प्रवेशद्वारको बायाँतर्फ प्रतिनिधिसभाको बैठक बस्ने ठूलो हल र दायाँतर्फ राष्ट्रियसभाको बैठक बस्ने हल बन्ने बताइएको छ। प्रतिनिधिसभा भवनमा ४०० अट्ने ठूलो हलसँगै विभिन्न प्राविधिक कक्ष, सभामुख कार्यकक्ष, पत्रकार सम्मेलन कक्ष, विशिष्ट कक्ष, कमिटी हललगायतका कक्ष रहने वरिष्ठ डिभिजनल इन्जिनीयर ताम्राकारले बताउनुभयो। सो भवनमा ३०० पत्रकार, दर्शक र आगन्तुक अट्ने बाल्कोनी र २०० अट्ने अर्को हल हुनेछ।

राष्ट्रियसभा भवनमा झण्डै १०० अट्ने ठूलो हल, विभिन्न प्राविधिक कक्ष, सभा अध्यक्षको कक्ष रहनेछ। साथै सो भवनमा २०० अट्ने बाल्कोनी र ३०० अट्ने अर्को हल रहने बताइएको छ। राष्ट्रियसभा भवनको उत्तरतर्फ अतिविशिष्ट व्यक्तिको कार्यालय भवन निर्माणका लागि डिजाइन बनेको छ। सो भवनमा प्रधानमन्त्रीसहित राष्ट्रियसभाको अध्यक्ष, उपाध्यक्षलगायतको कार्यकक्ष रहने उहाँले बताउनुभयो।

प्रतिनिधिसभा भवनको उत्तरतर्फ पुस्तक अध्ययन कक्ष, इ-पुस्तकालय, सङ्ग्रहालय, प्रशासनिक कक्षसहितको चार तले पुस्तकालयको भवन निर्माण हुने उहाँले जानकारी दिनुभयो। मुख्य संसद् भवनको उत्तरपूर्वमा संसदीय समितिको कार्यालय भवन र त्यसको दायाँतर्फ सानो छापाखाना रहने बताइएको छ। मुख्य भवनको उत्तरतर्फ पाँच तले पार्टी कार्यालय भवन हुनेछ। सो भवनमा बैठक कक्ष, शिशु स्याहार कक्षलगायतका लागि छुट्टाछुट्टै कक्ष रहने उहाँले जानकारी दिनुभयो।

### कांग्रेसका पुराना ...

पदमा जिम्मेवारी बहन गर्दै आएका थिए। बि.स. २०३६ सालदेखी नै सक्रिय राजनीतिमा रहेका उनी पंचायतकालमा पटक पटक गरि एक दर्जन भन्दा बढी पल्ट जेल जिवन समेत भोगेका थिए।

यसैबीच नेपाली कांग्रेस सप्तरीको बसेको आकस्मिक बैठकले बिराजीको निधनले कांग्रेसमा एउटा इतिहास गुमेको र अपूर्णिय क्षति भएको भन्दै तीन दिनसम्म चारतारे झण्डा झुकाउने निर्णय गरेको छ।

सोही बैठकले पार्टीको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै मृतआत्माको चिरशान्तिको कामनासहित पार्टी कार्यालयमा स्व. बिराजीको तस्बिर र शोकपुस्तिका राखेर श्रद्धाञ्जली अर्पण कार्यक्रम तीन दिनसम्म गर्ने निर्णय समेत गरेको कांग्रेसले जनाएको छ।

### प्रदेश नं २ ...

किशोरीलाई प्रविधिमा पहुँच गराई शारीरिक, मानसिक, सामाजिक रूपले आत्मबल अभिवृद्धि गराउनु अहिलेको आवश्यकता भएको उहाँले बताउनुभयो।

युकेएडका टोली प्रमुख बलजित बोहराले यो कार्यक्रमले नेपालको राजनीतिक तथा सामाजिक रूपान्तरणका लागि सघाउने डिएफआइडीको प्रतिबद्धताको जगमा काम गरिरहेको बताउनुभयो।




नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT


एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस्।
राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७

## विश्व समाचार

### अमेरिकी राष्ट्रपति ट्रम्पद्वारा मध्यपूर्व शान्ति योजना सार्वजनिक

वासिङटन, १५ माघ (रासस/एपी)।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले लामो समयदेखि अपेक्षा गरिएको उनको मध्यपूर्व शान्ति योजना सार्वजनिक गर्दै जेरूसलेमलाई इजरायलको अविभाजित राजधानी कायम राख्ने वाचा गर्नुभएको छ। ट्रम्पले उहाँको मध्यपूर्व शान्ति योजना इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको उपस्थितिमा ह्वाइट हाउसमा सार्वजनिक गर्नुभएको हो। उहाँले आफ्नो योजनालाई प्यालेस्टाइनीको निम्ति अन्तिम मौका पनि भन्नुभएको छ। शान्ति योजनाको संयुक्त घोषणा त्यतिखेर भएको छ जतिखेर ट्रम्प र नेतान्याहु दुवैले आन्तरिक राजनीतिक चुनौती बेहोरिरहेका छन्। राजनीतिक विश्लेषकले योजनालाई दुवैले आफ्नो निर्वाचन अभियानमा भोट जम्मा गर्ने रणनीतिका रूपमा अर्थ्याएका छन्। शान्ति योजनामा इजरायलले ‘महत्वपूर्ण भौगोलिक सम्झौता’ गर्ने र प्यालेस्टिनी राज्यको इलाकालाई युद्धमार्फत् इजरायलले कब्जा गरेको जेरूसेलमसहितको प्यालेस्टिनी भूमि बराबर दिने प्रस्ताव गरिएको छ। झट्ट हेर्दा यसलाई आपसी सहमतिमा जमिनको सट्टापट्टा गरी इजरायल र प्यालेस्टिनीबीचको विवादलाई अन्त्य गर्ने योजनाजस्तो मान्न सकिन्छ। योजनासँगै सार्वजनिक गरिएको अवधारणात्मक नक्साले प्यालेटिनी राज्यले दावी गर्दै आएको भूगोललाई छुट्टाएको देख्न सकिन्छ। योजनामा इजरायली र प्यालेस्टिनी समुदायको वस्तीहरूलाई जोड्न दुवै पक्षले अनुकुलता अनुसार पुल, सुरूङ तथा सडक मार्ग, जसलाई ‘व्यवहारिक यातायात समाधान’ भनिएको छ,को व्यवहारिक आदानप्रदानको धारणा पेश भएको छ। यसो गर्दा वेस्ट ब्याङ्कको एक चौथाई जमिन रहेको जोर्डन भ्यालीमा इजरायली पक्षको सार्वभौमसत्ता कायम रहनेछ।

सम्बोधनमा ट्रम्पले भन्नुभयो, “आजको सम्झौता प्यालेस्टिनीलाई उनीहरूको स्वतन्त्र राज्य स्थापनाको सपना सार्थक पार्ने ऐतिहासिक अवसर हो। सत्तरी वर्षदेखि कुनै प्रगति नभएको सन्दर्भमा यो उनीहरूलाई अन्तिम मौका हुन सक्छ।” इजरायली नेता बेन्जामिन नेतन्याहुको यहुदी वस्ती विस्तार र जेरूसेलमलाई अविभाजित राजधानी बनाउने कडा नीतिको पक्षमा शान्ति योजना आएपछि यसले प्यालेस्टिनीको आफ्नो स्वतन्त्र राज्य निर्माणको आशालाई असम्भव हुने अवस्था देखिएको छ। योजनालाई इजरायली प्रधानमन्त्री नेतन्याहुले ऐतिहासिक उपलब्धि भनी भन्नुभएको छ। यो प्यालेष्टाइनसँगै मध्य पूर्वका अन्य मुलुकका लागि बृहत् अवसर हो। “यो इजरायलका लागि र मध्यपूर्वका लागि बृहत् योजना हो।” संसारको सबभन्दा लामो समयदेखि जारी द्वन्द्वलाई समाधान गर्न प्रस्तावित उक्त योजनाको मस्यौदा राष्ट्रपति ट्रम्पका छोरी ज्वाइँ ज्यारेड कुश्नरको अगुवाइमा भएको हो।

ट्रम्पले स्वतन्त्र प्यालेस्टाइन राज्य तथा वेस्ट ब्याङ्कका वस्तीमाथि इजरायलको सार्वभौमिकता पनि प्रस्ताव गर्नुभएको छ। यसैबीच, अमेरिकी योजनालाई प्यालेस्टिनी प्रधानमन्त्री महमुद अब्बासले प्यालेस्टिनी समुदाय विरुद्धको ‘षडयन्त्र’ भन्दै अस्वीकार गर्नुभएको छ। “म ट्रम्प र नेतान्याहुलाई भन्छु। जेरूसलेम बिक्रीमा छैन। हाम्रा सबै अधिकार बिक्रीमा छैनन् न त त्यसमा लेनदेन हुन्छ। यो षडयन्त्र सफल हुँदैन,” रमल्लाहमा टेलिभिजनमार्फत् सम्बोधन गर्दै उहाँले भन्नुभयो। मङ्गलवार गाजा क्षेत्रमा हजारौं प्यालेस्टाइनीले विरोध प्रदर्शन गरेका थिए। योजना सार्वजनिक गर्ने तयारीसँगै इजरायली सेनाले इजरायल अधिनस्थ वेस्ट ब्याङ्कमा सैन्य उपस्थिति थप बलियो पारेको छ। साउदी अरेबिया र इजिप्टले ट्रम्पको योजनाको स्वागत गरेका छन्। साउदी अरेबियाका राजा सलमानले प्यालेस्टाइनी राष्ट्रपतिलाई टेलिफोन गरेर आफ्नो देश प्यालेस्टिनी मुद्दाप्रति कटिबद्ध रहेको पनि बताएका छन्। इजिप्टले प्यालेस्टाइन तथा इजरायल दुवैलाई राष्ट्रपति ट्रम्पको शान्ति योजना सचेततापूर्ण विचार गर्न र वार्ता पुनः शुरु गर्न आह्वान गरेको छ। इजिप्टको विदेश मन्त्रालयले विज्ञप्तिमार्फत् उक्त आह्वान गरेको छ। जोर्डनले भने मध्यपूर्वमा शान्ति स्थापना गर्ने एउटै बाटो भनेको सन् १९६७ भन्दा अघिको सिमाना बमोजिम स्वतन्त्र प्यालेस्टाइन राज्यको स्थापना हो भनेको छ। इजरायलले वेस्ट ब्याङ्क तथा गाजा क्षेत्रलाई सन् १९६७ पछि कब्जा गरेको थियो। लेबननस्थित इरान समर्थित हेज्बोल्लाह समूहले ट्रम्पको योजनाले प्यालेस्टाइनी शरणार्थीको फिर्ता हुने अधिकार तथा प्यालेस्टाइनी जनताको भूमिअधिकार हनन गर्ने भन्दै त्यसलाई थोपर्ने प्रयास भनेको छ।

### तालिवानी लडाकूको आक्रमणबाट अफगानिस्तानमा १३ सुरक्षाकर्मीको मृत्यु

कुन्दुज, १५ माघ (रासस/सिन्ह्वा)।

तालिवानी विद्रोहीको आक्रमणमा परी अफगानिस्तानको उत्तरी प्रान्त कुन्दुजमा कम्तीमा १२ सैनिक र एक प्रहरीको मृत्यु भएको प्रहरीले बुधबार जानकारी गराएको छ। “बुधबार बिहानको समयमा भएको आक्रमणमा तालिवान लडाकूको एक समूहले साना र ठूला हतियारको प्रयोग गरी आर्ची जिल्लाको सदरमुकाममा आक्रमण गरेको र घटनामा १२ सैनिक र एक प्रहरीको घटनास्थलमा नै मृत्यु भएको छ,” प्रान्तीय परिषद्का सफिउल्लाह अमिरीलाई उद्धृत गरी स्थानीय एरिआना न्यूज टेलिभिजनले बताएको छ। घटनामा आठ सैनिक, चार प्रहरी घाइते भएका र उनीहरूलाई उपचारका लागि पठाइएको छ। आर्चीका जिल्ला प्रमुख नसरुद्दिन नाजारी सादीले उक्त घटनामा १५ तालिवानी विद्रोहीको मृत्यु भएको र पाँच लडाकू घाइते भएका बताउनुभएको छ। भीडन्त करिब चार घण्टासम्म भएको बताइएको छ।

**भारतमा बस दुर्घटनामा सात जनाको मृत्यु**

नयाँदिल्ली, १५ माघ (रासस/सिन्ह्वा)।

भारतको पूर्वीराज्य उडिसामा एउटा यात्रुबाहक बस दुर्घटना हुँदा बसमा यात्रारत कम्तीमा सात जनाको मृत्यु हुनुका साथै ४० जना घाइते भएका छन्। प्रहरीका अनुसार उडिसाको गनजम जिल्लाको तप्तपानी इलाकाको पहाडी क्षेत्रमा गुडिरहेको बस एकाएक खोल्सामा झरेको थियो। बुधबार राति करिब ३.३० बजे उक्त दुर्घटना भएको थियो। घाइतेलाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ। भारतमा हरेक दिन सवारी दुर्घटनाका कारण ४०० भन्दाबढी मानिसको मृत्यु हुने गरेको छ।

# चोरीका सामानसहित तीन चोर पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १५ माघ ।**

प्रहरीले दुई घरमा चोरी गर्ने एकै वडाका तीन जनालाई मंगलबार पक्राउ गरेको छ ।

चोरीका सामानसहित मंगलबार पक्राउ परेका तिनै जनालाई प्रहरीले बुधबार सार्वजनिक गरेको हो ।

यसरी पक्राउ पर्नेहरुमा राजविराज नगरपालिका वडा नं. ६ निवासी २१ वर्षिय अफताब अनसारी, २० वर्षिय नविनकुमार दास र २२ वर्षिय अजेल अन्सारी छन् ।

उनीहरुको साथबाट गत शनिबार राजविराज नगरपालिका ६ बस्ने विद्या साहको घरबाट चोरी गरिएका नगद ४ हजार र सुनका गहना तथा राजविराज ८ निवासी राजेश साहको चोरी भएको मोबाइल समेत बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

घरमा कोही नभएको बेला उनीहरुले विद्या साहको घरको ढोका फुटाएर नगद र सुनका गहना चोरेर लगेका थिए । यस्तै राजेश साहको पनि महँगो मोबाइल उनीहरुले नै चोरी गरेको अनुसन्धानको क्रममा खुलेको र सबै सामान बरामद गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका तीनै जनालाई जिल्ला अदालतबाट चोरी मुद्दामा म्याद थपगरि प्रहरी हिरासतमा राखि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# दुर्घटनामा श्रीमान श्रीमतीको मृत्यु, छोरा घाइते

**दैनिक समाचरादाता**
**धनुषा, १५ माघ ।**

बोलेरो र मोटरसाइकल ठोक्किदा भएको दुर्घटनामा बुधबार धनुषामा श्रीमान श्रीमतीको मृत्यु भएको छ भने छोरा सामान्य घाइते भएका छन् ।

पूर्व-पश्चिम राजमार्ग खण्डमा पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको बा ६४ प ३०४८ नं. को मोटरसाइकल र विपरीत दिशातर्फबाट आउँदै गरेको स१च १८५८ नंको बोलेरो ठोकिएर सो दुर्घटना भएको हो ।

धनुषाको गणेशमान चारनाथ नगरपालिका ६ गोदार सडकखण्डमा भएको उक्त दुर्घटनामा सोही वडा निवासी मोटरसाइकल चालक ५० वर्षीय जोगेन्द्र साह र उनकी पत्नी ४० वर्षीया प्रमिला साहको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

दुर्घटनामा मोटरसाइकमा सवार साहका नौ वर्षीय छोरा जोन साह भने सामान्य घाइते भएको प्रहरीले जनाएको छ ।

यता ठक्कर दिने बोलेरो र चालकलाई नियन्त्रणमा लिई घटनाबारे अनुसन्धान भइरहेको धनुषा प्रहरीले जनाएको छ ।

## *गरिव, विपन्न ...*

अध्यक्षतामा आयोजित उद्घाटन सत्रमा राजबिराज नगरपालिका नगर प्रमुख शम्भु प्रसाद यादब, सप्तकोशी नगरपालिका प्रमुख उत्तम गौतम, कंचनरूप नगरपालीका निरू पोखरेल, उच्च अदालत वार ईकाई अध्यक्ष रमान्नद साह, जिल्ला बारका अध्यक्ष डोमन साह, अधिवक्ता केशव दासलगायतले न्यायिक समितिमा आउने गरिव, असहाय, महिला तथा अन्य पीडितका लागि निष्पक्ष रूपमा सहज र शुलभ तरीकाले न्यायमा पहुँच पुऱ्याउन सहायता कक्षले मद्दत पुग्ने विश्वास व्यक्त गरे ।


बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

थप जानकारीका लागि
गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज
फोन नं. : 031-522408/09








दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



छिन्नमस्ता डेरी उद्योग
सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।




नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्फनुहोस् । हाम्रो सेवाहरु

जनज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४






देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्फनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६





प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np